Nepali | नेपाली

Merri-bek City Council

# तपाईंका लागि,

# तपाईंको भविष्यका लागि,

# तपाईंको समुदायका लागि।

**के तपाईंलाई थाहा छ? HPV एक सामान्य भाइरस हो जसले क्यान्सर गराउन सक्छ।**



यहाँ स्क्यान गर्नुहोस्

## खुशीको कुरा, यसको खोप उपलब्ध छ।

### यो प्रभावकारी छ

कम उमेरमा HPV खोप लगाउँदा, यस खोपको एक मात्राले युवायुवतीहरूलाई HPV का कारण हुने क्यान्सरबाट धेरै प्रभावकारी सुरक्षा प्रदान गर्छ।

### यो सुरक्षित छ

HPV खोप सुरक्षित छ। यसको सावधानीपूर्वक परीक्षण गरिएको छ र यसको सुरक्षाको निरन्तर निगरानी गरिन्छ।

### यो निःशुल्क छ

12–25 वर्ष उमेरका व्यक्तिहरूका लागि HPV खोप निःशुल्क छ।

### यो सबै लैङ्गिक पहिचानका व्यक्तिहरूका लागि हो

HPV खोपले सबैलाई सुरक्षा प्रदान गर्छ।

**HPV खोप लगाउन अपोइन्टमेन्ट लिन वा तपाईंले खोप लगाइसक्नुभएको छ कि छैन जाँच गर्न चाहनुहुन्छ?**

काउन्सिलका खोप नर्सहरूले तपाईंको विद्यालयमा HPV खोप लगाउँछन्।

**विद्यालयमा खोप लगाउन छुट्यो?**

तपाईंले HPV खोप लगाइसक्नुभएको छ कि छैन जाँच गर्न वा खोपका लागि अपोइन्टमेन्ट लिन QR कोड स्क्यान गर्नुहोस्, वा **03 9122 3845** मा फोन गर्नुहोस्।

HPV खोप लगाएर तपाईंले पाठेघरको मुखको क्यान्सर, यौनाङ्गसम्बन्धी क्यान्सर र घाँटीका केही क्यान्सरसहित HPV सँग सम्बन्धित अधिकांश प्रकारका क्यान्सरबाट आफूलाई जोगाउन सक्नुहुन्छ।

HPV बारे थप जानकारीका लागि **www.merri-bek.vic.gov.au/hpv/nepali** मा जानुहोस्।